**Voice : A Biannual & Bilingual Journal**
*2025 July, Vol : 17, No. 1, pp.145-158*
DOI : https://doi.org/10.3126/voice.v17i1.84784

# यातायात साहित्यको विषयवस्तु, भाव र भाषाशैलीको अध्ययन

हरि प्रसाद तिमिल्सिना[1]

**Article Information : Received :** June 12, 2025 **Revised :** June 25, 2025 **Accepted :** July 13, 2025

**सारसङ्क्षेप**

प्रस्तुत आलेख ट्रक, बस, हाइस, लरी, जिपकार तथा डेलिभरी भ्यानजस्ता सडकयातायातका साधनहरूमा नेपाली भाषामा लेखिएका लेख्य सामग्रीहरूको विषयवस्तु, भाव र भाषाशैलीको अध्ययनमा आधारित छ । नेपालको सडक यातायातमा प्रयोग हुने विभिन्न यातायातका साधनहरूमा साहित्यिक देशभक्ति, जीवनसङ्घर्ष, अभाव, अशिक्षा, मायाप्रेम, ऐतिहासिक वीरतागाथा आदि विषयसित सम्बन्धित छोटो छोटा गद्य वा पद्यमा लेखिएका सामग्रीहरूले पाठकहरूलाई विशिष्ट प्रभाव पार्ने गरेका छन् । यस्ता सामग्रीहरूको औपचारिक अध्ययन अनुसन्धान वा सोधखोज न्यून मात्रामा मात्र भएको छ । एक दुई जना व्यक्तिहरूले ट्रकसाहित्यका रुपमा लेख प्रकाशित गरेको पाइन्छ । यातायातका साधनहरूमा विभिन्न व्यक्तिहरूका कविताका पङ्क्तिहरू, वैचारिक अभिव्यक्तिहरू र उखानटुक्कासमेतको उल्लेख भएको छ । यस्ता लिखित अभिव्यक्तिहरू सवारीसाधनहरूमा केकस्ता विषयवस्तुका रुपमा आएका छन्, तिनले दिने वैचारिक सन्देश वा मूलभाव केकस्तो रहेको छ ? त्यस्ता सामग्रीले केकस्तो सन्देश दिएका छन् भन्ने समस्या पहिचान गरी विश्लेषण गर्ने उद्देश्य यस आलेखको रहेको छ ।

यस आलेखमा लेखकले २०८१ चैत्र २५ गते नेपालगन्ज काठमाडौं हाइसमा जाँदा सडकमा गुडिरहेका यातायातका साधनमा लेखिएका सामग्रीहरूको तस्बिर लिने र तस्बिर लिन सम्भव नभएका तर पढ्न भ्याइएका सामग्रीहरू तत्काल नोट गरी सामग्री सङ्कलन गरिएको र यिनै प्राथमिक सामग्रीलाई प्रयोग गरी समष्टिगत गुणात्मक पद्धतिका आधारमा अध्ययन गरी विषयवस्तु, भाव वा सन्देश र भाषाशैलीको अध्ययन गरी निष्कर्ष निकालिएका छ ।

**शब्दकुञ्जी :** यातायात, ट्रक, नेपाल, सङ्घर्ष, भरोसा

[1]उपप्राध्यापक, त्रिभुवन विश्वविद्यालय, महेन्द्र बहुमुखी क्याम्पस, नेपालगन्ज, बाँके
इमेल : timilsina119@gmail.com
Orcid : https://orcid.org/0009-0003-6085-0154

ISSN : 2091-2161
©The Author(s)

Published by Autar Dei Chaudharain Research Centre (ADCRC), Mahendra Multiple Campus, Nepalgunj, Banke

The open access article is distributed under a Creative Common Attribution (CC BY-NC 4.0) licence.

**विषयपरिचय**

प्रत्येक व्यक्तिभित्र विचार, भावना, अनुभव र अनुभूति हुन्छन् । कसैले अध्ययन अनुशीलनबाट आफ्नो विचार परिपक्व बनाउँछ र लेखरचना आदिका माध्यमबाट प्रकाशित गर्दछ । कयौँ व्यक्तिहरूलाई यो अवसर प्राप्त हुँदैन । पेसा, व्यवसाय, सामाजिक, आर्थिक अवस्था, पारिवारिक अवस्था, शैक्षिक अवस्था आदिका कारण व्यक्ति भिन्न क्षेत्रमा क्रियाशील हुन्छ । जो जुन क्षेत्र वा पेसामा संलग्न भए पनि सबैले आआफ्नो विचार, अनुभव, अनुभूति सँगालेका हुन्छन् । उनीहरूले आफ्नो भावना, विचार, भाव आवश्यकता आदिको अभिव्यक्ति आआफ्नै ढङ्गले दिन्छन् । यिनै विविध क्षेत्रमध्ये यातायात क्षेत्र एक महत्त्वपूर्ण क्षेत्र हो । नेपालमा सडक यातायात सबैभन्दा बढी प्रयोग हुने साधन हो । यातायात क्षेत्रमा विशेषतः ट्रक, बस, लरी, हाइस, जिप, कार, डेलिभरी भ्यान, पिकअपजस्ता सवारीसाधनहरू नियमित प्रयोगमा छन् । यी साधनहरू पेसाका रुपमा नियमित चलाउने र यस क्रममा मेचीदेखि महाकाली, हिमालदेखि तराईसम्म हिँडिरहन पर्ने, बाटोमा अनेकौँ कठिनाई एवं बाधाको सामना गर्नुपर्ने अवस्थामा आफ्ना भावनालाई आफ्नो सवारी साधनको अगाडि वा पछाडि दायाँ वा बायाँ भागका खाली ठाउँमा लेखेर व्यक्त गर्ने गरेको पाइन्छ । कयौँ त्यस्ता व्यक्तिहरूले महँगो पेन्ट गरेर लेख्य सामग्रीसँगै सन्देशमूलक चित्रहरू पनि कोरेको पाइन्छ । यिनै विषयवस्तुहरूलाई सङ्कलन गरी विषयक्षेत्र, भाव वासन्देश र भाषाशैलीको अध्ययन र विश्लेषण यस आलेखमा गरिएको छ । यसक्रममा नेपालगन्जदेखि काठमाडौँसम्म हाइसबाट यात्रा गरेको र बाटोमा सम्भव भएसम्मका सवारी साधनमा लिखित सामग्रीहरूको छायाचित्र लिई तिनको आवश्यकता र औचित्यका आधारमा वर्गीकरण गरी विशलेषण गरिएको छ । छायाचित्र लिन सम्भव नभएका तर पढ्न सम्भव भएका सामग्रीहरू पढेपश्चात् पुनरावृत्ति नहुने गरी टिपोट गरी वर्गीकरण, विश्लेषण र अध्ययन गरिएको छ । यसरी सङ्कलित सामग्रीलाई क्षेत्रकार्यका रुपमा प्राथमिक सामग्रीका रुपमा उपयोग गरी उद्देश्यमा केन्द्रित भई सामग्रीको अर्थापन एवं सत्यापन गरी तथ्याङ्क विश्लेषणपश्चात् अध्ययनबाट प्राप्त तथ्यहरूको वर्णनविश्लेषण गर्दै नतिजा एवं छलफल र निष्कर्ष निकालिएको छ ।

**सैद्धान्तिक पर्याधार**

सडकसाहित्यमा प्रस्तुत विचार, भाव, कथन वा भन्न खोजेको मुख्य कुरा नै सार हो । व्यक्तिको विचार वा भनाइ यस्ता छोटा अभिव्यक्तिहरूमा सार वा मुख्य कथनका रुपमा प्रयुक्त हुन्छन् । यसैलाई सडक यातायातमा प्रयुक्त विषयवस्तुको आधारभूत तत्त्व भन्न सकिन्छ । सार, मुख्य कथन वा व्यक्तिको भनाइलाई कथनीयताको नाम दिई सर्वप्रथम ल्याकोबले सन् १९७२ मा चर्चा गरेको देखिन्छ । उनले कथावस्तुको सारका सन्दर्भमा प्रयोग गरेका छन् । लेखकले आफ्नो अनुभव, अनुभूति र आपू वरिपरिको परिवेशबाट देखेसुनेको अनुभवबाट विचार प्रस्तुत गर्दछ । कथा, उपन्यासजस्ता समाख्यानबाट प्राप्त सार होस् वा सडक यातायातका साधनमा प्रयुक्त विषयवस्तुको सार होस् । विषयवस्तुको उपस्थापनबाट व्यक्त सार मूल कथनका रुपमा आउँछ । लेखक वा पात्रको चेतनाको तहबाट मूल कथनको अभिव्यक्ति हुन्छ । यसरी सङ्केतित कथन सन्दर्भ, परिवेश वा देशकालजन्य विशिष्टता आदिबाट विशेष अर्थ लगाउन सकिन्छ । यही नै अध्ययनको प्राप्ति हो (बरोनी, सन् २००७) । प्रस्तुत पाठबाट लेखकले प्रस्तुत गर्न खोजेको मूल विचार वा अभिप्रायका रुपमा लिन सकिन्छ । यिनै मान्यताहरूका आधारमा  प्राप्त सामग्रीको अध्ययनविश्लेषण गरिएको छ ।

**पूर्वकार्यको समीक्षा**

ट्रकसाहित्य, सडकसाहित्य वा यातायातका साधनहरूमा प्रयुक्त विषयवस्तु विभिन्न शीर्षकमा चिनाउन सकिने सडकसाहित्यलाई नेपाली साहित्यका लेखकहरूले खासै महत्त्व दिएको पाइँदैन । एउटा ट्रक लिएर दसौँ दिनसम्म वा बिचबिचमै सामान पाउँदा महिनौँ दिनसम्म घरबाहिरै हिँडिरहनु पर्ने, खाने, सुत्ने निश्चित समयको ठेगान नहुने अवस्था र जुम्ला, दार्चुला, इलामबाट काठमाडौँका लागि चल्ने रात्रिबसहरू दुईतीन दिन लगाएर गन्तब्यमा पुग्नुपर्ने, अझ बाटो बिग्रँदा, बाढी आउँदा, पहिरो जाँदा हप्तौँ दिन जङ्गल छेउ, खोला छेउ बस्नुपर्ने कठिन परिस्थितिमा त्यस्ता व्यक्तिहरूबाट आफ्ना साधनका अगाडि वा पछाडि लेखिएका सामग्रीहरूले उनीहरू र उनीहरूजस्तै सङ्घर्षशील जीवन बिताइरहेकाहरूका पीडा, वेदना, आशा, अपेक्षा, प्रेम, वियोग, देशभक्ति, समाज र राष्ट्रियताका भावहरूको अभिव्यक्ति त दिन्छन् नै उनीहरूभित्रका विशिष्ट संवेदनाको अभिव्यक्तिसमेत दिएका हुन्छन् ।

यसरी जीवनको याथार्थदेखि राष्ट्रियता र सामाजिक चेतनासम्मको अभिव्यक्ति हुने सडकसाहित्य वा ट्रकसाहित्यसम्बन्धी लेखनको इतिहास लेखक डा.तुलसी भट्टाराईको गरिमा (२०५६) मा प्रकाशित ट्रकसाहित्यसम्बन्धी लेखबाट प्रारम्भ भएको देखिन्छ । हालसम्म खासै अध्ययन विश्लेषण हुन नसकेको र लेखकहरू खासै ध्यान जान नसकेको अवस्थामा केही अनलाइन पत्रिकाहरू र डा. तुलसी भट्टराईको गरिमा (२०५६) को ट्रकसाहित्यसम्बन्धी लेख नै हालसम्मका पूर्वकार्यहरू हुन् ।

सविद गुरागाइँले ट्रकसाहित्य : सङ्कलित सिर्जना (२०६८) पुस्तक प्रकाशित गरेको अन्नपूर्ण पोष्टको २०७६ पौष २७ आइतवारको अनलाइन संस्करणमा प्रकाशित छ । यसैगरी 'संरक्षण गर्न नसकिएको ट्रससाहित्य' शीर्षकको सङ्क्षिप्त लेख कनिका खबर (सेप्टेम्बर ९, २०२३) मा प्रकाशित भएको पाइन्छ । नेपाल समय अनलाइनको २०७६ पौष २१ को संस्करणमा 'अब पढ्न नपाइने भयो ट्रक साहित्य' शीर्षकको लखमा ट्रकका पछाडि देशमा व्याप्त भ्रष्टाचार, बेथितिको उल्लेख गरिएकोले ट्रकमा लेख्न नपाउने, ट्फिक प्रहरीले निर्णय गरेपछिको व्यक्तिको अभिव्यक्ति स्वतन्त्रता हनन भएको सन्दर्भलाई शीर्षक बनाइएको छ । यी लेखहरूमा केही नमुनासहित जीवनका विविध पक्षको मेल खाने मर्मस्पर्शी रहेको उल्लेख गरिएको छ ।

'जीवनको यथार्थदेखि राष्ट्रियता र सामाजिक सचेतनासम्म' शीर्षकको एउटा सानो लेख २०७८ फाल्गुन ५ गते बिहीवारको रातोपाटी अनलाइनको संस्करणमा प्रकाशित भएको छ । यसमा यात्राका दौरान ट्रक पछाडि लेखिएका सायरी, मुक्तक आदिलाई ट्रकसाहित्यको नामले जानिने उल्लेख गर्दै ती सामग्रीहरू कुनै हसाउने कुनै दुखपीडा र प्रेमरसको अभिव्यक्ति भएका, कुनै मर्मस्पर्शी खालका छन् भन्ने उल्लेख गरिएको छ । धेरैको आशाभरोसा, रोजीरोटी र जीवनका अप्ठ्यारा गाडीसँगै गुडिरहेको उल्लेख गरिएको छ । यातायाता साधनमा प्रयुक्त लेख्य सामग्रीको खोजी सङ्कलन गरी विश्लेषण गर्ने कार्य आफैमा औचित्यपूर्ण छ र यसले ऐतिहासिक महत्त्व राख्ने छ ।

**छलफल र निष्कर्ष**

सामग्री सङ्कलनका क्रममा १६० भन्दा बढी गाडीहरूका तस्बिर लिइएको र पुनरावृत्ति नहुनेगरी नयाँ विचार वा सन्देश रहेका तर तस्बिर खिच्न सम्भव नभएका र पढिएका कथनहरूको टिपोट गरी सङ्कलन गरिएको छ । यी सामग्रीहरूमध्ये दोहोरिएका र फोटो खिज्दा अस्पष्ट तथा अध्ययनका लागि आवश्यक नठानिएका सामग्री हटाई आवश्यक सामग्रीको सत्यापन गरिएको छ । यी सामग्रीहरूमा रहेका सामग्रीहरू हेर्दा ट्रकबसलगायतका साधनहरूमा सबैभन्दा बढी 'मातापिताको अशीर्वाद' र 'कुलदेवताले रक्षा गरुन्' भन्ने उल्लेख भएको पाइयो ।

विषयवस्तुका दृष्टिले हेर्दा यी सामग्रीहरू धार्मिक आस्था, देशभक्ति तथा राष्ट्रिय गौरवगाथा, सुन्दर नेपाली प्रकृतिको चित्रण, नेपालको सुरक्षा र अखण्डता, गरिबी, अशिक्षा, जीवनसङ्घर्ष, जिजीविषाका साथै आशावादी जीवनवादी दृष्टिको अभिव्यक्ति भएको पाइयो । रातविरात, भोकप्यास, बाढीपहिरो बेहोर्नु परे पनि सङ्घर्ष गर्नु, श्रम गर्नु र आफ्नो कर्तव्यमा लागिरहनु पर्छ भन्ने उत्साहपूर्ण अभिप्रेरणामूलक अभिव्यक्तिहरू पनि प्रशस्त रहेको पाइयो । जीवनको सङ्घर्ष, शान्ति र समृद्धि, वैदेशिक रोजगारी, प्रेम, विछोडका साथै कोरा प्रेमको अभिव्यक्ति पनि उत्तिकै भएको यी विषयवस्तुहरूको अध्ययनबाट पाइयो । 'मातापिताको आशीर्वाद' र 'ट्रफिक नियमको पालना गरौँ' भन्ने कथन सबैभन्दा उल्लेख भएको पाइयो ।

**सङ्कलित सामग्रीमा प्रयुक्त कथनहरू**

सामग्री सङ्कलनका क्रममा सबैभन्दा बढी आफ्ना जन्मदाता मातापिताप्रतिको श्रद्धा, सम्मान र उहाँहरूको आशीर्वाद सर्वोपरि ठानिएका अभिव्यक्तिहरू रहेका छन् । यसका साथै आफ्ना कुलदेवता, इष्टदेवता, शिव, गौरी, भोलेबाबा, रुद्र, गणेश आदिका चित्रसहित 'जय शम्भो', 'जय गणेश', 'कुलदेवताले/इष्टदेवताले रक्षा गरुन्' जस्ता कथनका साथै आफ्नो बसोबास भएका स्थानका देवीदेवताहरूको समेत उल्लेख गरी आशीर्वाद प्राप्ति र यात्रा सफलताको इच्छा व्यक्त गरिएका कथनहरू रहेका छन् उपर्युक्त सामाग्रीहरु जस्तो लेखिएको छ त्यस्तै यहाँ केही नमुना प्रस्तुत गरिएको छ ।

**आमाबुवा, पितृ, कुल र देवीदेवतासम्बन्धी र आशीर्वचनसम्बन्धी कथन**

- आमाको माया सत्रुको आशीर्वाद
- आमाबुवाको आशीर्वाद
- पितृको आशीर्वाद
- पञ्चकन्याको आशीर्वाद
- आमाको माया मात्र यस्तो औषधि हो जुन कहिल्यै डेटस्पायर हुँदैन
- तिम्रो मुस्कान नै मेरो हरेक पिडाको मलम हो आमा
- शुभ साईत
- मेरी आमा
- भोरले लाफा

**यातायात सचेतना तथा ट्रफिक नियमसम्बन्धी कथन**

- ट्रफिक नियमको पालना गरौँ
- ट्राफिक नियमको पालना गरौं आफु बचौं र अरुलाई पनि बचाऔं/सर्लाहीको भरिया
- हामी असल चालक सुरक्षित गन्तव्य हाम्रो दायित्व
- सडक सुरक्षा जीवन रक्षा
- ९५% सडक दुर्घटना लापरबाहीबाट हुन्छ, असल चालक बनौ ।

**जन्मस्थान वा वासस्थानप्रतिको प्रेम र श्रद्धा व्यक्त भएका कथन**

- घर त घाटवेसी
- हामी सिधै शक्तिखोर बाट
- हामी सिधै मकवानपुरबाट झिलिमिली सहर काठमाडौँ

- रकेट नौबिसे
- हामी सिधै सुर्खेतबाट ।
- गोर्खाली राईडर
- सुन्दर सुदुर पञ्चिम
- धादिङ्गे तोप गोली

**जीवनसङ्घर्ष, यथार्थ, नैतिक सन्देश तथा शिक्षासम्बन्धी कथन**

- सादा जीवन उच्च विचार
- जिन्दगी चल्न त चल्याछ पिरै पिरमा छ
- लाहुर जाने रेल
- सबैको आआफ्नो विगत, वर्तमान र भविष्य हुन्छ । को कहाँनीर फुल्छ र कहाँनिर खुम्चिन्छ कसैलाई थाहा हुदैन । तयसैले सबैले सबैको सम्मान गर्न सिकौं ।
- भाग्य कसैको पेवा होईन
- खाने भात नै हो अनि जाने घाट नै हो
- जिन्दगीको के भरोसा
- म रुँदारुँदै एकान्तमा बसी हाँसेको मान्छे, नसोध पिडा कस्तो हुन्छ भनेर, म त पिडा सँगै नाता गासेको मान्छे । प्रयास जारी ने छ सफल भए परिवार खुसी असफल भए आफन्त खुसी
- कस्तो माया लाय मैले प्रिय भनी बोलाउन नमिल्ने, कस्तो नाता गासे मैले प्रेमपत्र राखी सजाउन नमिल्ने । मुनामदन
- इराकको कुवा गाह्रो छ मलाई
- मालिक की गाडी ड्राइभरका पसिना । चलती है रोडपर वनकर हसीना
- आफै गल्छन् अरुलाई गलाउनेहरू, रुदैन लास रुन्छन् जलाउनेहरू
- समयमा आराम छैन भनेको बेला खाना छैन, दुख देखाउन पनि त आजकल जमाना छैन, मन दुख्यो भनेर तिमी गुनासो गछ्र्यौ सबैसँग, म छोरा मान्छे मलाई रुने समेत बहाना छैन ।
- मेशिन जस्तै जीवन किन्न पाईदैन त्यसैले बिस्तारै ल.../भर नभएका देशमा रहर कति हो कति ।
- शरीरले आराम खोजिरहेको छ, परिस्थितिले पैसा, दिमागले शान्ति अनि मनले परिवार, तिमी सुतेर सपना देख्छौं, मलाई सपनाले सुत्न दिंदैन ।
- बरु एक्लै हिँड तर खराब साथिको सङ्गत नगर
- यात्रा रहेछ जिन्दगी
- असल साथीको साथ नभए, मनोज एक्लै बिन्दास
- हामी यस्तै त हो नि ब्रो
- प्रदेशी शाइला
- खराब संगत पतनको सुरुवात
- भाग्य समय र मान्छे कति खेर बदलिन्छन, थाहै हुदैन

**शान्ति, देशभक्ति, विद्रोहसम्बन्धी चित्र/कथन**

- गौतमबुद्धको तस्बिर
- युवायुवतीको प्रेम र मिलनको तस्बिर
- सिङ्गो ट्रकको भित्ताको बनाइएको ग्रेटर नेपालको चित्र
- नेपाली हामी रहौँला कहाँ नेपालै नरहे
- प्यारो नेपाल
- राष्ट्रिय झन्डाको बिचमा नेपाल लेखिएको चित्रको झन्डाको मुनि - मेरो देश मेरो गौरव
- उद्देश्य के लिनु उडी छुनु चन्द्र एक
- नेपाली हामी रहुला कहाँ नेपाल नै नरहे
- म नेपाल हासेको हेर्न चाहान्छु ।
- यो मन त नेपाली हो,
- जन्नी जन्मभूमिस्च ..............
- यो देश मेरो पनि होइन र
- मेरा साना दुःखले अर्ज्याको मुलक होइन
- मेरो / हाम्रो / राम्रो नेपाल
- चाहे झुकोस निलो अकाश, यो नेपाली झुक्दैन
- सुखी नेपाली, समृद्ध नेपाल
- देश भक्ती, आदर्श समाज स्थाप्नाको आग्रह

**माया, प्रेमप्रणय, विछोडसम्बन्धी कथन**

- बाग्लुङ्गे ठिटो मुस्कान नै मिठो
- हँस मत पगली प्यार हो जायेगा
- प्रेम वियोग त सिताले नि समयको प्रतिक्षा गरिन् नत्र रावणमा नि के को कमी थियो र माया
- माया मात्र होइन यदि त्यो भन्दा नि माथि केही हुन्छ भने त्यो पनि तिमीलाई नै गर्छु माया ।
- विछोडको जिन्दगी,
- जान्छु ल, खोइ हाँसेको
- लजालु मुस्कान
- पर्खी बस, फर्की आउने छु
- दिउला माया तिमीलाई मुटु भरि साँचेको
- आफनै मान्छे नचिन्ने मायाले
- म त चिन्छु हजुरलाई छायाले

**आशावादीजीवनवादी दृष्टि र सकारात्मक चिन्तनसम्बन्धी कथन**

- सुनौलो बिहानी/ मुना मदन/
- एउटा घर बनाउनेलाई त ऋण लाग्छ म जिन्दगी बनाउछ भनेर हिडको मान्छे हैं पाउमा ठेस र मुटुमा पिर त लागिहाल्छ नि आमा

- सपनाहरू पनि पुतलीहरू जस्तै भए समाउन नजिक नजिक जान्छु उडेर पर पर गैदिन्छन् ।
- भर नभएको जिन्दगीको रहर भने कति कति
- उज्यालो विहानी

**हास्यव्यङ्ग्य**

- अन्ठनब्बे जिरो साठी पुरा नम्बर छ है माथी ।
- कच्चे बच्चे शेरका पिछा नहि करते/
- दाईको दुस्मन छ धेरै भाईहरू हेरेको हेरै/
- इराकी पानी जति हाल्यो उती खानी
- मुर्रा राँगा,
- सम्पत्तिको नाममा यहि एउटा मुस्कान छ,
  त्यै पनि दुनियाले डाहाँ गर्छ
- हामी जन्मेकै बबाल गर्न

खिचिएका केही तस्वीरका नमुना




**सामग्रीको विश्लेषण**

प्राप्त सामग्रीहरूलाई उपर्युक्त आठ वटा विषयक्षेत्रमा वर्गीकरण गरिएको छ । कतिपय कथनहरू यथार्थपरक, सन्देशमूलक र प्रेमप्रणयमूलक तथा व्यङ्ग्यमूलक भए पनि विषयवस्तुको गम्भीरताअनुसार एउटा विषयक्षेत्रमा राखिएको छ । यहाँ ती सामग्रीहरूको सन्देश वा मूलभाव तथा भाषाशैलीको विश्लेषण गरिएको छ ।

**मातापिता, कुल, पितृ, देवीदेवताप्रति श्रद्धा व्यक्त गरिएका र आशीर्वचनसम्बन्धी कथन**

तस्बिर खिचिएका र पढिएका अधिकांश कथनहरू आमाबुवाको आशीर्वादको भाव रहेका छन् । आमाको मायाले सत्रुको आशीर्वादलाई पनि कतिपय सवारीसाधनमा महत्त्वका साथ उल्लेख गरिएको छ । आमाको आशीर्वाद, मातापिताको आशीर्वाद, पितृको आशीर्वाद, पञ्चकन्याको आशीर्वाद, मेरी आमाजस्ता सयौँ कथनहरूले सबैभन्दा बढी आमाप्रतिको श्रद्धा व्यक्त भएको देखिन्छ भने पितालाई पनि जोडेर मातापिताको आशीर्वाद प्राप्ति र उहाँहरूप्रतिको श्रद्धाका भाव पनि उत्तिकै महत्त्वका साथ प्रयुक्त भएका छन् । पितृका रुपमा रहेका पूर्वजहरूको पनि जीवनमा उत्तिकै महत्त्व हुन्छ भन्ने ज्ञानले पितृहरूप्रतिको श्रद्धा र पितृको आशीर्वाद प्राप्तिबाट आफ्ना योजना, यात्रा, सफल हुने विश्वासका साथ यस्ता अभिव्यक्तिहरू आएको देखिन्छ । आमाको मायालाई कहिल्यै म्याद नजाने औषधिका रुपमा लिइएको पाइयो । आमाको मुस्कार र खुसी आफ्नो हरेक पीडाको मलम हो आमा भन्दै सम्बोधनात्मक शैलीमा उल्लेख गरिएको पाइयो । कतिपय कथनमा झोर्ले लाफा गुरुङ भाषाको अभिवादन र नमस्कार, फेरि भेटौँला जस्ता कथनहरूका साथै शुभसाइत उल्लेख गरी आफ्नो यात्रा शुभ होस् भन्ने कामनाको अभिव्यक्तिसमेत पाइयो ।

**यातायात सचेतना तथा ट्राफिक नियमसम्बन्धी कथन**

ट्रक, रात्रिबस, दिवाबस, मिनीबस, लरी तथा केही हाइस वा अन्य साना जीवकारहरूमा समेत सबैभन्दा बढी प्रयोग भएको वाक्य 'ट्राफिक नियमको पालना गरौँ' रहेको पाइयो । मातापिताको आशीर्वाद लेखिएका स्थानमा समेत कतै नै कतै ट्राफिक नियमको पालनासम्बन्धी कथन लेखिएको पाइयो । यसले सडकमा हिँड्दा ट्राफिक नियमको पालना अत्यावश्यक हुन्छ । यसको पालना नहुँदा दुख हुने, ज्यानको जोखिम हुने, घरपरिवारलाई दुख हुने, आर्थिक क्षति हुने भएकाले यस विषयमा अधिकांश गाडी चालकहरू वा मालिकहरू सजग भएको देखिन्छ । कसैले 'ट्राफिक नियमको पालना गरौ आफू बचौँ र अरुलाई बचाऔँ' भन्दै अरुलाई सजग गराउने सन्देश दिएको पाइयो । 'हामी असल चालक, सुरक्षित गन्तव्य हाम्रो दायित्व' कथनले हामी चालकहरू असल बन्नका लागि सुरक्षित गन्तव्य हाम्रो दायित्व हो भन्ने कुराको बोध गराउने सन्देश प्रदान गरेको छ । यसैगरी 'सडक सुरक्षा जीवन रक्षा' तथा '९५% सडक दुर्घटना लापरबाहीबाट हुन्छ, असल चालक बनौँ' भन्ने सन्देशले सडक दुर्घटनाको प्रतिशतलाई देखाउँदै गाडी चलाउनु एउटा पेसा हो र गाडी चालकहरू पनि विविध विषयमा जानकार हुन्छन् भन्ने देखाउँछ । यसरी आआफ्नै किसिमले उल्लेख गरिएका यस्ता अनेकौँ कथनहरू सडक दुर्घटनाबाट बच्नका लागि उल्लेख गरिएका विशिष्ट भावहरू हुन् ।

**जन्मस्थानप्रतिको प्रेम र श्रद्धा**

ट्राफिक नियमसम्बन्धी, आमाबुवाको आशीर्वादसम्बन्धी पछि आफ्नो जन्मस्थान वा वासस्थानप्रतिको पहिचान र त्यसप्रतिको श्रद्धालाई उल्लेख गरिएको पाइयो । अधिकांश यस्ता कथनहरूमा आफ्नो चर्चित स्थानलाई पहिचानका रुपमा प्रस्तुत गर्दै 'घर त घाटबेसी', 'हामी सिधै शक्तिखोरबाट', 'हामी सिधै मकवानपुरबाट', 'झिलीमिली सहर काठमाडौँ', 'गोर्खाली राइडर', 'सुन्दर सुदूरपश्चिम' र धादिङ तोपगोली' जस्ता दर्जनौँ कथनहरू रहे पनि केही प्रतिनिधिमूलक कथनहरूलाई नमुनाको रुपमा लिइएको छ । उपर्युक्त कथनले आफ्नो घरबाट सिधै आएको अथवा आफ्नो घरबाट राजधानी काठमाडौँलाई झिलीमिली सहरका रुपमा चित्रण गरी झिलीमिली सहरमा जान लागेको भन्ने भाव व्यक्त गरिएको छ । 'रकेट नौविसे' जस्ता अभिव्यक्तिले यो सामान्य गतिमा कुद्ने गाडी होइन रकेट जत्तिकै

कुद्छ भन्दै सजग रहन र आफू छिटो गतिमा कुद्ने क्षमता भएको भाव व्यक्त गरिएको छ । 'गोर्खाली राइडर' ले विश्वमा गरिमा प्राप्त गोर्खालीको वीरतालाई देखाउँदै गोर्खाली चालकका रुपमा प्रस्तुत गरिएको छ भने 'सुन्दर सुदूर पश्चिम'ले आफ्नो सिङ्गो सुदूरपश्चिम प्रदेशप्रतिको श्रद्धा र तयसको सौन्दर्यप्रतिको गौरवको भाव व्यक्त गरिएको छ ।

**जीवनसङ्घर्ष, जीवनका यथार्थ, नैतिक सन्देश तथा शिक्षासम्बन्धी कथन**

सामग्री सङ्कलनका क्रममा विविधखाले भाव र विचार व्यक्त भएका कथनहरू उपर्युक्त विषयसित सम्बन्धित रहेका पाइयो । सामग्री सत्यापनका क्रममा पनि सबैभन्दा बढी यसै शीर्षकका कथनहरू रहेका छन् । यी कथनहरूमध्ये कतिपय विभिन्न चर्चित गीतबाट लिइएका, कतिपय जीवनोपयोगी कथन उधृत गरिएका र कतिपय समाजमा चलचल्तीमा रहेका कथनहरूलाई उल्लेख गरिएको पाइयो । 'सादा जीवन उच्च विचारले हामीले तडकभडक गर्नु हुँदैन, देखावटी पन राम्रो होइन । जीवन सादगीपूर्ण बनाएर विचार उच्च राखेमा समाजसेवा, मानवीय भावनासहित अरुलाई सेवा र सहयोग गर्न सकिन्छ र आफ्नो पनि वृत्तिविकास गर्न सकिन्छ भन्ने भाव यसले व्यक्त गरेको छ ।

नेपाली सङ्गीतमा चर्चित गीत 'फूल फूल्न त फुल्या छ भिरैभिरमा छ, जिन्दगी चल्न त चल्या छ पिरै पिरमा छ'बाट पछिल्लो पङ्क्तिलाई उल्लेख गरिएको यस कथनबाट जिन्दगी जसरीतसरी चलिरहेको र अनेकौं पिरहरूले घेरेको मार्मिक भाव व्यक्त भएको छ । अरुलाई भन्न नसकिने तर आफूभित्रै कुण्ठा पालेर बस्नुपर्ने अवस्था यसबाट व्यक्त भएको छ । यसै गरी अर्को 'लाहुर जाने रेल'मा घरबाट गाडी लिएर हिँडेपछि कसरी गन्तव्यमा पुगिन्छ, कहिले पुगिन्छ र घर कहिले आइन्छ भन्ने निधो नभएको अझ हाम्रो देशको जस्तो पहाडी भूभाग, जोखिमयुक्त यात्रा, खोला, नाला, भिरपहरा पार गर्दै जानुपर्ने अवस्थामा लाहुर जाने रेल कै यात्रा हुने अवस्थालाई लाहुर जाने अवस्थाका रुपमा उल्लेख गरिएको छ । घरपरिवार छोडेर आर्थिक विवशताका कारण विदेश जानुपर्ने अवस्थालाई लाहुरको रुपमा लिने गरिएको र गाडीचालक पनि अरु सहज पेसा सम्भव नभएर जोखिमयुक्त पेसा गर्नुपरेको घरपरिवार भरणपोषण गर्न नगरी नहुने भएको सन्दर्भलाई लाहुरको रुपमा उल्लेख गर्नु उपयुक्त देखिन्छ ।

यसैगरी कसैको पनि विगत, वर्तमान र भविष्य एकनास हुँदैन । को कहाँ सफल हुन्छ, को कहाँ असफल हुन्छ थाहा हुँदैन । त्यसैले भइहालें भनेर अरुलाई अपमान गर्ने र आफूलाई ठुलो ठान्नु हुँदैन भन्ने विचार 'सबैको आआफ्नो विगत, वर्तमान र भविष्य हुन्छ, को कहाँ निर फुल्छ र कहाँनिर खुम्छिन्छ, … त्यसैले सबैको सम्मान गर्न सिकौं' व्यक्त भएको छ । यसैगरी आफैले मिहिनेत गरेर आफ्नो जीवनमा उन्नति प्रगति गर्न सकिन्छ । भाग्य कसैको पेवा होइन भन्ने अभिव्यक्ति भएको छ । त्यस्तै मान्छे जति धनी वा जति ठुलो भए पनि खाने भातै हो जाने घाटै हो भन्दै सामान्य किसिमले सबैले खाना खानैपर्ने र मरेपछि सकिनै पर्ने जीवनको कटुसत्यका रुपमा उल्लेख गरिएको छ । 'जिन्दगीको के भरोसा' उल्लेख गरिएको कथनले गहन भाव व्यक्त गरेको छ । एकछिन अघिसम्म राम्रै बसिरहेको व्यक्ति एकछिनपछि नरहन सक्ने यथार्थ विद्यमान छ । कोरोनामा धेरै जवान र सशक्त व्यक्तिहरू पनि, पैसाले सम्पन्न व्यक्तिहरू पनि संसार छोडेर अचानक गएको अवस्था छ । वास्तवमा जीवन बुझ्न सक्यो भने यसको भरोसा छैन भन्ने मार्मिक यथार्थ भाव यस कथनले व्यक्त गरेको छ ।

एउटा अलि लामो कथनमा आफू एकान्तमा रुँदारुँदै हाँसेको, पीडासँगै नाता गाँसेको, जीवनमा अगाडि बढ्ने प्रयास जारी छ, सफल भएमा परिवार र नभएमा आफन्त खुसी हुने आफन्तप्रतिको व्यङ्ग्यभाव व्यक्त भएको छ। वास्तवमा कतिपय आफन्तहरू अर्काको सफलतामा ईर्ष्या गर्ने र असफलतामा खुसी गर्दछन् । यो पीडा पूर्ण अभिव्ययक्ति त्यस्तो आफन्तहरूलाई सकारात्मक सोच फर्काउन व्यक्त गरिएको छ । 'इराकको कुवा गाह्रो छ मलाई'ले गाडीमा खाडी मुलुकबाट आउने इन्धन जति हाले पनि त्यसैमा खर्च बढी हुने भएकाले जीवन धान्न गाह्रो परेको यथार्थलाई व्यक्त गरिएको छ । अर्को महत्त्वपूर्ण कथन 'आफै गल्छन् अरुलाई गलाउनेहरू, रुँदैन लास रुन्छन् जलाउनेहरू'मा अरुलाई नराम्रो गर्न, कमजोर देखाउन खोज्नेहरू समयक्रममा आफै गल्छन् । जसरी लास रुँदैन जलाउने मलामीहरू रुन्छन् भन्ने जीवनको यथार्थबाट जीवनबोध गराउन खोजिएको छ। छोरा मान्छेलाई रुनेसमेत बहाना हुँदैन किनकि श्रीमतीछोराछोरी रोइदिएपछि उनीहरूका इच्छाआकाङ्क्षा पूरा गर्न नसके पनि मन ढुङ्गा जस्तै बनाएर रुन सकिँदैन भन्ने यथार्थपरक मार्मिक अभिव्यक्ति भएको । वास्तवमा गाडीचालकको जिन्दगी समयमा खाना, आराम हुँदैन । दुख देखाउँदा उल्टै व्यङ्ग्य गर्ने समय छ भन्ने भाव व्यक्त गरिएको छ ।

जीवन अमूल्य छ, मेसिन जस्तै किन्न सकिँदैन त्यसैले हतार नगरी बिस्तारै गाडी चलाउनु पर्छ भन्ने भाव र भर नभएका देशमा रहर कति हो कति अभिव्यक्ति एउटा कथनमा रहेको छ। वास्तवमा जीवन अमूल्य छ। मेसिन जस्तो होइन। गएपछि फर्केर आउँदैन। त्यसैले सुरक्षित यात्रा गर्नुपर्छ भन्ने गम्भी विचारका साथ नेपालमा कुनै कुराको पनि भर छैन तर आफ्ना रह असङ्ख्य छन् भन्ने अभिव्यक्ति भएको छ। शरीरले आराम खोजेको, परिस्थितिले पैसा, दिमागले शान्ति र मनले परिवार खोजेको यात्रारत चालकको सत्य अवस्थालाई उजागर गरेको छ। त्यसैगरी धनीहरू हुनेखानेहरू मस्त निदाएर सपना देख्छन् तर आफूलाई सपनाले सुत्न नदिएको सुन्दर भविष्यको कल्पना छोराछोरीको भविष्य सम्झेर सुत्न नसकेको कैयौँ यस्ता पात्रहरूको प्रतिनिधित्व गर्दै यो कथन आएको छ । खराब साथीको सङ्गतले आफूलाई समेत बिगार्ने भएकाले बरु एक्लै हिँड तर खराब साथीको सङ्गत नगर र असल साथी नभए मनोज एक्लै विन्दास भन्ने मनोज नामका चालकले हास्यव्यङ्ग्यात्मक तर विशिष्ट सन्देशमूलक कथन व्यक्त गरेका छन् । यसैगरी खराब सङ्गतलाई नै लिएर खराब सङ्गत पतनको सुरुवात पनि अर्को महत्त्वपूर्ण कथन आएको छ। भाग्य, समय र मान्छे कतिखेर बदलिन्छ थाहै हुँदैन भन्दै अनुभवजन्य कथन विशिष्ट रुपमा आएको छ। वास्तवमा आफू धन वा पदप्रतिष्ठा पाएपछि मान्छे बदलिने, उसको भाग्य पनि बदलिने र समयले कसलाई कहाँ पुऱ्याउँछ ठेगान नहुने अवस्थालाई मधुर एवं आकर्षक रुपमा व्यक्त गरिएको छ ।

**शान्ति, देशभक्ति तथा विद्रोहसम्बन्धी कथन**

कतिपय ठुला वा साना गाडीमा गौतबबुद्धको तस्बिरबाट शान्तिलाई अभिव्यक्त गरिएको छ। एउटा ट्रकको सिङ्गो भित्तामा पूर्व टिस्टादेखि पश्चिममा काँगडासम्म कालापानी, लिपुलेक, लिम्पियाधुरासम्मको विशाल नेपालको चित्र बनाइएको छ र त्यसभित्र हालको नेपालसमेत तत्कालीन नेपालका मोटोमोटी स्थानहरू समेत उल्लेख गरिएको छ। यति मिहिनेतका साथ खर्च गरेर ट्रकका भित्तामा लेखेर सन्देश दिनु आफैमा यस्ता व्यक्तिको देशप्रेमको विशिष्ट नमुना हो । राष्ट्रकवि माधव घिमिरेको 'नेपाली हामी रहौँला कहा नेपालै नरहे', 'चाहे झुकोस् निलो आकाश यो नेपाली झुक्दैन', महाकवि देवकोटाको 'उद्देश्य के लिनु उडी छुनु चन्द्र एक', रामायणको 'जननी जन्मभूमिश्च....' जस्ता गीतिमय कविताका पङ्क्ति र पृथ्वीनारायण शाहको महान् वाणी 'मेरा साना दुखले आर्ज्याको मुलुक होइन' का

साथै वर्तमान् प्रधानमन्त्री के.पी.शर्मा वलीले देशविकासका लागि बनाएको नारा 'सुखी नेपाली समृद्ध नेपाल' जस्ता अभिव्यक्तिहरूले यो देशको गरिमा, महिमा, वीरतागाथा, हाम्रो ऐतिहासिक सन्दर्भ र देशप्रतिको श्रद्धालाई व्यक्त गरिएको छ। वास्तवमा नेपालीहरू कहिल्यै कसैका सामु झुकेनन्। अखण्ड नेपाल र सार्वभौमसत्ता सम्पन्न नेपाल हाम्रो गौरव हो। हाम्रा उद्देश्यहरू चन्द्रमालाई छुने जस्ता उच्च हुनुपर्छ र यो देश नरहेमा हामी पनि रहने छैनौँ भन्ने साच्चिकै देशको रक्षा, सीमारेखाको संरक्षण पनि हाम्रो दायित्व हो भन्ने भाव व्यक्त भएको छ। यस्ता कथनहरूले बाटामा यात्रा गर्ने यात्रुहरूलाई पनि देशभक्तिको भावना र देशप्रेमलाई जगाएर जुरुक्क उचाल्न सक्दछन्।

यो मन त नेपाली हो, मेरो/हाम्रो राम्रो नेपाल लेखिएका कथनहरू पनि प्रशस्तै भेटिए। यी अभिव्यक्तिहरूले यो देश आफ्नो पनि भएको केही टाँठाबाठा, ठुलाबडाहरूले मात्र होइन यहाँ सोझा सरल र निमुखाले पनि समान रुपमा अवसर पाउनुपर्छ अरुजस्तै बाँच्न पाउनुपर्छ भन्ने विचार व्यक्त भएका छन्। 'यो देश मेरो पनि होइन र !'ले अरुको जस्तै आफ्नो पनि समान हकअधिकार रहेको भाव व्यक्त गरेको छ। यसरी देशभक्ति, आदर्श समाजको स्थापना र मुलुकको समृद्धि, गौरवगाथाका अभिव्यक्तिहरू प्रशस्त प्रयोग हुने गरेको देखिन्छ।

**माया, प्रेमप्रणय र विछोडसम्बन्धी कथन**

माया, प्रेम र प्रणयभावसम्बन्धी कथनहरूमा कतै कोरा प्रेम, कतै गम्भीर आत्मीय प्रेम र कतै वियोग र वेदनालाई प्रस्तुत गरेको पाइयो। कतै एकोहोरो प्रेमले पीडा दिएको अभिव्यक्ति पनि उल्लेख भएको पाइयो। 'बाग्लुङे ठिटो मुस्कानै मिठो' आफ्नो सौन्दर्यको अभिव्यक्ति दिने कोरा प्रेमको प्रतीकका रुपमा लेखिएका प्रशस्त कथनहरूमध्ये एउटा हो। त्यस्तै हिन्दीमा पनि नेपाली गाडीहरूले लेखेको 'हँस मत पगली प्यार हो जाएगा' कथनले आफूलाई देखेर हाँस्दा विस्तारै प्रेम हुनसक्ने र आफ्नो वा उसको घरबार विग्रन सक्ने गम्भीर विषयलाई व्यङ्ग्यात्मक शैलीमा प्रस्तुत गरिएको छ। यस्ता कथनहरूमा मिथकको पनि प्रयोग भएको छ। रामायणकी प्रमुख पात्र सीताले समेत प्रेम वियोगमा प्रतीक्षा गरेकी थिइन् नत्र रावणमा पनि कुनै कमी थिएन भन्ने विचार व्यक्त गर्दै आफूलाई पनि प्रतीक्षा गरेर बस्न आफ्नी मायालाई आग्रह गरिएको छ। एउटा अर्को कथनमा माया मात्र होइन त्यसभन्दा माथि पनि केही भएका त्यो पनि तिमीलाई नै गर्छु भन्ने हार्दिक प्रतिबद्धता आफ्नी माया वा प्रेमिकालाई व्यक्त गरिएइको छ।

त्यसैगरी ड्राइभरको जीवन घरपरिवार छोडेर जानुपर्ने, हप्तौँसम्म बाहिर रहनुपर्ने र आफ्नो घरपरिवारसँग आफूले चाहेको बेला भेट्न नपाइने अवस्थालाई 'विछोडको जिन्दगी' भन्दै उल्लेख गरिएको छ। त्यस्तै आफू जाने अनुमति माग्दै हिँड्ने बेलामा मुख मलिन होइन हाँसेर विदाइ गर्नुपर्छ भन्ने भावका साथ 'जान्छु ल, ख्वै हाँसेको' कथन उल्लेख गरिएइको छ। त्यसैगरी कसैलाई हृदयदेखि नै अकर्षक लागेर मन परेको अवस्थामा लजालु मुस्कान दिनेलाई ' लजालु मुस्कान' मात्रबाट प्रेमको प्रतीकात्मक अभिव्यक्ति दिइएको छ भने 'पर्खी बस फर्की आउने छु' भन्ने कथनले आफ्नी पत्नीलाई पर्खिन वा कुनै प्रेमिकालाई पर्खी बस्न आग्रह गर्दै आफू फर्केर आउने प्रेमयभाव व्यक्त गरिएको छ। 'दिउँला माया तिमीलाई मुटुभरि साँचेको' नेपाली लोकप्रिय गीतबाट उधृत गरी आफ्नो मुटुभरि साँचेको माया उनैका लागि भन्ने हार्दिक र आत्मीय प्रेमको अभिव्यक्ति भएको छ। यस अभिव्यक्तिले प्रेम शारीरिक, मांसल वा क्षणिक हुनुहुँदैन। आत्मीय र जीवनभरिलाई हुनुपर्छ भनिएको छ। कतिपय व्यक्तिहरू एकोहोरो प्रेम गर्दछन्। अर्को पक्षले माया नगर्ने अवस्थामा अत्यन्त पीडा हुने गर्दछ। यस्तै पीडाजन्य अभिव्यक्ति यस कथनमा भएको छ - आफ्नै मान्छे

नचिन्ने मायाले म त चिन्छु हजुरलाई छायाँलेबाट व्यक्त भएको छ। यसरी आत्मीय एवं हार्दिक प्रेम, जीवनपर्यन्त प्रेम, क्षणिक वा मांसल प्रेम, सौन्दर्यका विविध भावहरूको अभिव्यक्ति भएको पाइन्छ । कैयौँ साधनहरूमा 'मुनामदन' लेखिएको पाइयो यसले मुना र मदनको जस्तै साँचो प्रेमलाई अभिव्यक्त गर्न खोजिएको देखिन्छ। हप्तौँसम्म महिनौँसम्म घर छोडेर हिँड्नुपर्ने अवस्थामा यस्ता प्रेमसम्बन्धी भावहरू आउनु स्वाभाविक छ ।

**आशावादी स्वर, जीवनवादी दृष्टि र सकारात्मक चिन्तन भएका कथनहरू**

'सुनौलो विहानी', 'उज्यालो विहानी' जस्ता कथनहरूले भोलिको सुखद भविष्यको कल्पना गरेका छन्। जीवनमा आशावादी नभए त केही पनि गर्न सकिँदैन त्यसैले सकारात्मक चिन्तन् गरेर जीवनलाई आशावादी बनाउँदै कर्म गर्नु पर्छ अनि मात्र सफल भइन्छ । यस्ता विचारहरू प्रशस्त उल्लेख भएको पाइन्छ । यस्तै अर्को कथन 'एउटा घर बनाउनेलाई त ऋण लाग्छ, म त जिन्दगी बनाउँछु भनेर हिँडेको मान्छे पाउमा ठेस र मुटुमा पिर त लागिहल्छ नि आमा' ले वास्तवमा जीवन बनाउन धेरै दुख, कष्ट भोगेर अनुभव गरेर अध्ययन, अनुशीलन गरेर बर्सौ खारिएरमाझिएर मात्र जीवन बनाउन सकिन्छ भन्ने यथार्थपरक तर गम्भीर बिचार व्यक्त गर्दछ । अर्को एउटा कथनमा 'सपनाहरू पनि पुतलीहरू जस्तै भए, समाउन नजिक नजिक जान्छु, उडेर परपर गइदिन्छन्' भन्दै आफ्ना इच्छा, आकाङ्क्षा र सुन्दर भविष्यको सपनाहरूलाई समात्न नसकिएका पुतली जस्तै परपर जाने गरेको भन्ने गम्भीर र हृदयस्पर्शी भाव व्यक्त भएको छ। त्यसै गरी आज छ, भोलि छैन भन्ने गरिएको जीवनको कुनै भर नभएपनि रहर असङ्ख्य छन् भन्ने भाव यसरी व्यक्त भएको छ – भर नभएको जिन्दगीको रहर भने कति कति ।

यसरी कैयौँ सवारी साधन बिशेषतः ट्रकहरूमा सुन्दर भविष्यको कल्पना सुन्दर सपनाहरू र सुखी जीवनको कल्पना गरिएका आशावादी जीवनवादी मननीय कथनहरूले पाठकहरूलाई विशिष्ट सन्देश दिएका छन् ।

**हास्यव्यङ्ग्य**

अध्ययनका क्रममा कतिपय गाडीहरूमा जीवनका विभिन्न पक्षहरूलाई हास्यव्यङ्ग्यात्मक शैलीमा लेखिएको पाइयो । यस्ता कथनहरूमा कतै सूत्रात्मक शैली कतै हिन्दी भाषाको प्रयोग कतै गीतहरूलाई प्रस्तुत गरेको कतै राजनीतिक क्षेत्रका कुरालाई प्रतीकात्मक रुपमा प्रस्तुत गरेको पाइयो । कसैले आफ्नो मोबाइल नम्बरलाई यसरी दिएको देखियो - अन्ठानब्बे जिरो साठी पूरा नम्बर छ है माथि। यसरी लेखेर एरो बनाएर माथि पूरै मोबाइल नम्बर उल्लेख गरी आकर्षित गरेको देखिन्छ। यसैगरी आफूलाई कसैभन्दा कम नभएको, सानातिना झिनामसिना मान्छेहरू आफूसँग नलागेको ठिक भन्ने भनाइलाई 'कच्चे बच्चे सेरका पिछा नही करते'बाट भाव व्यक्त गरेको पाइयो । दुर्गेश थापाको 'दाइको दुश्मन छ धेरै' पछि 'भाइहरू हेरेको हेऱ्यै' उल्लेख गरी आफूले उन्नति, प्रगति गरेकोमा डाहा गर्नेहरू, ईर्ष्यालुहरू धेरै भएको र ती आफूभन्दा ठुला नभएर भाइजस्ता भएको उल्लेख गरिएको छ । त्यसैगरी यातायातका साधनमा इन्धनमा अधिकांश खर्च जाने अवस्थामा जीवन परिवार पाल्न पनि मुस्किल पर्ने अवस्थालाई 'इराकी पानी जति हाल्यो उती खानी' कथनबाट जति हाले पनि बालुवामा पानी हालेजस्तै हुने गरेको तितो यथार्थ प्रस्तुत गरिएको छ। राजनीतिक क्षेत्रमा चर्चित 'मुर्रा राँगा'लाई पनि कैयौँ ट्रकका पछाडि लेखिएको पाइयो । अब्बल दर्जाको हाइब्रिड राँगाका रुपमा भारतबाट ल्याइएको मुर्रा राँगाले एकातिर राजनीतिक क्षेत्रलाई राँगा पनि अन्तबाट अनुदानको रुपमा ल्याउने र आफ्नो देशमा कुनै उत्पादन नगर्ने परनिर्भर प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ भने प्रतीकात्मक रुपमा आफू पनि मुर्रा राँगा जस्तै हो है भन्ने केही त्यस्ता व्यक्तिहरूप्रति व्यङ्ग्य गरिएको छ ।

सम्पत्तिको नाममा एउटा मुस्कान मात्र रहेको र त्यसैमा पनि दुनियाँले डाहा गरेको अर्को व्यङ्ग्य पनि अध्ययनका क्रममा प्राप्त भएको छ। व्यक्तिको सबैभन्दा महत्त्वपूर्ण र अरुलाई आफूप्रति अकर्षित गराउने तत्त्व नै मिठो मुस्कान हो । यो जीवनको सबैभन्दा ठुलो सम्पत्ति पनि हो । त्यसैले अरु कुनै सम्पत्ति नभए पनि यसले मान्छेलाई आफूप्रति नतमस्तक बनाइदिन्छ र आफूलाई सफल बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ । त्यसैले यो गम्भीर विषयबाट आफ्नो सफलताप्रति डाहा गर्नेहरूलाई व्यङ्ग्य गरिएको छ। त्यस्तै कैयौँ ट्रकहरूमा लेखिएको कथन हो 'हामी जन्मेकै बबाल गर्न' । बबाल शब्द परम्परागत रुपमा झगडा, हल्ला, आदि अर्थमा लिने गरिए पनि हाल आएर राम्रो भन्ने अर्थमा प्रयोग भइरहेको छ । नयाँ पुस्ताको जन्म वास्तवमा राम्राका लागि हो । असल नागरिक बन्न, असल काम गर्न, राष्ट्र निर्माण गर्न, समाजसेवा गर्नका लागि हो । यसअर्थमा हामी जन्मेकै बबाल गर्न भन्ने उक्ति प्रतीकात्मक रुपमा सान्दर्भिक छ ।

यसरी विभिन्न विषयमा ट्रकबस जस्ता यातायातका साधनहरूमा लेखिएका कथनहरूले यात्रारत पाठकहरूलाई मनोरन्जन, आनन्द प्रदान गर्नुका साथै जीवनबोध, युगबोध, सङ्घर्ष, प्रेम, देशभक्ति, नेपालको गौरवगाथा आदिको अभिव्यक्ति दिएका छन् । यिनीहरूबाट हरेक पाठकले देशभक्तिको भावनाले ओतप्रोत भएका धेरैको आशा, भरोसा र रोजीरोटीको आधार भएका जीवनका उकालीओरालीहरूलाई प्रस्तुत गर्दै जीवनका कठिन अवस्था सिकाउने कतै वेदना कतै हर्ष कतै कुण्ठा र कतै स्वाधीनताका भावहरूबाट पाठकको मनमष्तिष्कलाई उद्वेलित बनाउने र अभिप्रेरणा प्रदान गर्ने गरेको पाइयो । गम्भीर विषयलाई सरल भाषामा व्यक्त गर्दै जीवनको सिकाइ अनुभव र अनुभूतिको अभिव्यक्तिबाट यातायातसाहित्य वा ट्रकसाहित्य कुनै उच्चशिक्षा आर्जन गरेको पठित व्यक्ति भन्दा कम छैन भन्ने देखिन्छ । कि पढेर कि परेर जानिछ भन्ने भनाइलाई यस्ता यातायातका साधनमा लेखिएका विचारहरूले पुष्टि गरेका छन् ।

## भाषशैली

ट्रकसाहित्य वा यातायातसाहित्यका रुपमा यस आलेखमा प्रयोग गरिएका सामग्रीहरूको भाषा सामान्य चलनचल्तीको, सरल, सुबोध भईकन आकर्षक छ। साङ्गीतिक वा गीतिमय अभिव्यक्तिहरू, विभिन्न कविताका पङ्क्तिहरू, गीतका स्थायी वा अन्तराहरू र विशिष्ट सुक्तिहरूलाई प्रयोग गरिएको छ । सबै सामग्रीहरू पठनीय छन् । ज्ञावर्धक छन् । कतै हार्दिक कतै मार्मिक कतै हास्यव्यङ्ग्यात्मक र कतै प्रतीकात्मक भाषिक अभिव्यक्तिमा आएका यी कथनहरूमा डेटस्पायर, पिडा, साईत, झोरले लाफा, गरौ, बनौ, राईडर, खुशी, रुदैन, दिदैन, मेशिन, पाईदैन, हुदैन, देश भक्ती, हिडको, दाई, दुनिया, डाहाँ जस्ता शब्दहरू प्रयोग भएका छन्। यी शब्दरु सामान्य चलनचल्तीका शब्दको रुपमा प्रयोग गरिएको छ । ट्रकसाहित्य वा यातायातका साधनमा प्रयुक्त कथनहरूमा वर्णविन्यासगत र शब्दचयनगत सचेतता नहुनु स्वाभाविक हो। भाषागत शुद्धाशुद्धीका हिसावले त्रुटिपूर्ण भए पनि केकसरी लेख्ने भन्ने सचेतना कैयौँ पढेलेखेका व्यक्तिहरूमा पनि भएको पाईदैन । त्यसैले यस्ता त्रुटिहरूलाई स्वाभाविक रुपमा लिनुपर्दछ। यी कथनहरूबाट व्यक्त विचार वा भाव नै महत्त्वपूर्ण हुन्छ। अधिकांश लेखनमा शुद्ध भाषाको प्रयोग, वर्णविन्यासमा सचेतता रहेको देखिन्छ। केहीमा मात्र उपर्युक्त त्रुटिहरू रहेका छन् । यस्ता त्रुटिहरू पनि हटाउने गरी सचेतना गर्न सके यस्ता भाषिक अभिव्यक्तिहरू अझ परिष्कृत शुद्ध भई अध्ययनका सामग्री बन्ने छन् ।

**निष्कर्ष**

नेपालगन्जदेखि काठमाडौँसम्मको यात्राका क्रममा सडकमा गुडिरहेका ट्रक, बस, जिप, मिनिबस, हाइस, लरी, डेलिभरी भ्यानसमेतमा अगाडि र पछाडि लेएिका अध्ययन गर्न योग्य सामग्रीहरू मोबाइलको क्यामराबाट तस्बिरका रुपमा सङ्कलन गरिएको र त्यसरी तस्बिर खिच्न सम्भव नभएका तर मौखिक रुपमा पढिएका विशिष्ट सामग्रीहरू कापीमा लेखी तिनलाई पनि सामग्रीका रुपमा प्रयोग गरिएको छ । यसरी सङ्कलित सामग्रीहरू झन्डै दुई सयभन्दा बढी भए पनि कैयौँ उस्तै उस्तै प्रकृतिका र कतिपय तस्बिरमा मधुरो देखिएकाहरूलाई अध्ययन गर्न सकिएन । समग्रमा जीवनबोध, आशावादी, जीवनवादी दृष्टिकोण, देशभक्तिको भावना, नेपाली गौरवगाथा, माया, प्रेम र वियोग जीवनका आशाभरोसा, दुखसुख, घामछायालाई सटिक रुपमा प्रस्तुत गरी पाठकको मनमष्तिष्कलाई झङ्कृत बनाउँदै विशिष्ट भाव सम्प्रेषण गर्न सफल सडकसाहित्य, यातायातसाहित्य वा ट्रकसाहित्य नेपाली साहित्यको एउटा महत्त्वपूर्ण पाटोका रुपमा रहेको यस अध्ययनले देखाएको छ । मुक्तक, हाइकु, तथा ससाना अभिव्यक्तिबाट च्वाट्ट नयाँ विचार, जीवनबोधको सम्प्रेषण गर्ने गरिएको पाइन्छ । ट्रकसाहित्य वा सडकसाहित्यमा यस्ता लघु आयामका रचनाहरूभन्दा अझ मार्मिक गेयगुण सम्पन्न हास्यव्ङ्ग्यात्मक भई च्वाट्ट मनमा लाग्ने रहेको पाइयो । नाम जे दिए पनि यस साहित्यलाई निरुत्साहित नगरी प्रोत्साहित गर्नु आवश्यक देखिन्छ । यसलाई विकसित तुल्याई नेपाली साहित्यको एउटा पक्षका रुपमा यसलाई ऐतिहासिक गरिमा दिनु आवश्यक छ ।

**सन्दर्भसामग्रीसूची**

घिमिरे, कृष्णप्रसाद (२०६९), पारिजातका कथाका प्रवृत्ति, अ.प्र. विद्यावारिधि शोधप्रबन्ध, मानविकी तथा सामाजिक शास्त्र सङ्काय त्रिभुवन विश्वविद्यालय ।

तिमिल्सिना, हरिप्रसाद (२०६८), केही टिप्पणी केही समालोचना, नेपालगन्ज : भेरी साहित्य समाज ।

तिमिल्सिना, हरिप्रसाद (२०७१), नेपाली पत्रकारिता सैद्धान्तिक एवं प्रायोगिक, काठमाडौँ : ऐरावती प्रकाशन ।

तिमिल्सिना, हरिप्रसाद (२०७४), समदृष्टि, नेपालगन्ज : भेरी साहित्य समाज ।

पाण्डेय, ताराकान्त (२०५१), पारिजातको कथाकारिता मूल्य निरुपणको प्रयास, काठमाडौ : पारिजात स्मृति केन्द्र ।

बरोनी, राफेल (सन् २००७), ल टेन्सियोन न्यारेटिभ सन्पेन्स, क्युरियोजिट सरप्राइज सेभिल ।

भट्टराई, तुलसी (२०५६), ट्रकसाहित्य, गरिमा ।

ल्याकोब, विलियम (सन् १९७२), ल्याङ्ग्वेज इन द इनरसिटी : स्टडिज इन द ब्याक इङ्लिस भर्नाकुलर, फिला डेल्फिया युनिभर्सिटी अफ पेन्सिलभानिया प्रेस ।

**अनलाइन**

अन्नपूर्ण पोस्ट (२०७६ पौष २७ आइतबार संस्करण) ।

कनिका खबर (२०२३ सेप्टेम्बर ९ संस्करण) ।

नेपाल समय (२०७६ पौष २१ संस्करण) ।